Regd. No. 273954/078/079 PAN: 601868380

# टकसार पिखुवा खोला हाइड्रोपावर लि.
# TAKSAR PIKHUWA KHOLA HYDROPOWER LTD.

प.सं.: ०८३।०८४

मिति:-२०८३।०६।०८

च.नं.: ९६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरबार प्लाजा, काठमाडौं ,

**विषय : छैठौं वार्षिक साधारण सभा तथा शेयरधनि दर्ता किताब बन्द (Book close) सम्बन्धमा ।**

महोदय ,

उपरोक्त सम्बन्धमा यस टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडको मिति २०८३/०६/०८ गते बिहिबार अपरान्ह ४ : ३० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको छैठौं (आ.व. २०८२/०८३) बार्षिक साधारण सभा मिति २०८३/०६/३० गते शुक्रबार निम्न मिति,समय र स्थान बस्ने भएकोले वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८३/०६/१६ गते (एक दिन) शेयरधनी दर्ता किताब बन्द (Book close) रहने व्योहोरा जानकारी गराउँदछु । साथै छैठौं बार्षिक साधारण सभा सम्बन्धी सुचना मिति २०८३/०६/०९ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गरिने व्यहोरा जानकारी गराईन्छ । सो प्रकाशन गरिने सुचनाको प्रति यसै पत्रसाथ संलग्न गरी पेश गरीएको छ ।

**सभा हुने मिति,समय र स्थान:**

मिति :२०८३।०६।३० गते शुक्रबार (तदनुसार अक्टोबर १६,२०२६),
समय : विहानको ११ बजे,
स्थान : रामालय इभेन्ट भेन्यू, धापासी मार्ग,बाँसबारी,काठमाडौं ।

भवदिय ,

Taksar Pikhuwa Khola Hydropower Ltd. Kathmandu

प्रभुजी पन्त
कम्पनी सचिव

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक , काठमाडौं ।
४. श्री एनएमबि क्यापिटल लिमिटेड ,बालुवाटार , काठमाडौं ।

"Om Dev Plaza" (6th Floor), Khichapokhari, Newroad - 22, Kathmandu, Phone: +977-01-5321777
E-mail: taksarpikhuwahpp2017@gmail.com

TAKSAR
PIKHUWA KHOLA HYDROPOWER LIMITED

# टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड

का.म.न.पा.-२२, खिचापोखरी, काठमाडौं
फोन नं. ०१-५३२१७७७
ईमेल: taksarpikhuwahpp2017@gmail.com

## छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०९)**

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०८३/०६/०८ गते बिहीबार अपरान्ह ४:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस **टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड** को छैठौं (आ.व. ०८२/०८३) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउदै उल्लेखित सभामा सहभागिता जनाईदिनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति,समय र स्थान :**

**मिति** : २०८३/०६/३० गते शुक्रबार (तदनुसार अक्टोबर १६,२०२६)
**समय** : बिहान ११:०० बजे
**स्थान** : रामालय इभेन्ट भेन्यू, धापासी मार्ग, बाँसबारी, काठमाडौं ।

### छलफलका लागि प्रस्तावित विषयहरू :

**क. सामान्य प्रस्तावहरू :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३) आ.व.२०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४) आ.व.२०८२/०८३ मा सञ्चालक समितिबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
५) अन्य नयाँ परियोजनाहरूको पहिचान गरी लगानी गर्न आवश्यक भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
६) कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम लेखापरीक्षण समिति गठन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
७) संस्थापक शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी ३ (तीन) जना सञ्चालक र सर्वसाधारण शेयरधनी समूहबाट प्रतिनिधित्व हुने गरी २ (दुई) जना सञ्चालकहरूको निर्वाचन एवं अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरू :**

१) कम्पनीले अन्य कम्पनीहरूमा लगानी गर्न सहजताको लागि होल्डिङ कम्पनीमा परिणत गर्नको लागि कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र नियमावलीमा आवश्यक संशोधन गर्न विशेष प्रस्ताव परित गर्ने सम्बन्धमा ।
२) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

### साधारण सभा सम्बन्धी अन्य जानकारी ।

१) यस टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडको मिति २०८३/०६/३० गते हुने छैठौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८३/०६/१६ गते (एक दिन) शेयर दर्ता पुस्तिका बन्द गर्ने व्यहोरा सम्बन्धित सबै शेयरधनीहरूमा जानकारीको लागि अनुरोध छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०६/१५ गते सम्म कारोबार भइ प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न, उम्मेदवार बन्न,मतदान गर्न पाउने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।
२) वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारिक पत्र लिई आउनुपर्नेछ ।
३) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन,छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । सभा हुने दिन सभामा उपस्थितिको लागि हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।
४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछ। प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा कम्तिमा ४८ घन्टा अर्थात २०८३/०६/२८ गते बिहान ११ बजे अगावै प्रतिनिधिपत्र (प्रोक्सी) यस कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा.-२२, खिचापोखरी, काठमाडौंमा बुझाई सक्नुपर्नेछ। प्रोक्सि फारमको ढाँचा कम्पनीको वेबसाइट www.tpkhp.com.np बाट डाउनलोड गर्न सकिनेछ ।
५) यस साधारण सभाबाट संस्थापक शेयरधनीहरूबाट ३ (तीन) जना सञ्चालकहरु र सर्वसाधारणबाट २ (दुई) जना सञ्चालकहरूको नियुक्त गर्नको लागि निर्वाचन गरिने भएकोले उक्त निर्वाचन सम्बन्धी कार्यक्रम कम्पनीको निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा.-२२, खिचापोखरी,काठमाडौंमा रहने निर्वाचन अधिकृतको कार्यालयमा मिति २०८३/०६/२१ गते प्रकाशित गरिनेछ र यस सम्बन्धी जानकारीहरू कम्पनीको वेबसाइट www.tpkhp.com.np मा पनि हेर्न सकिनेछ ।
६) निर्वाचन हुने सञ्चालक पदको निमित्त उम्मेदवार हुन चाहने संस्थापक तथा सर्वसाधारण समूहको मतदाता नामावलीमा नाम उल्लेख भएको शेयरधनीले कम्पनीको नियमावलीको नियम २८ मा उल्लिखित न्यूनतम शेयर संख्या बराबर शेयर कित्ता लिएको (संगठित संस्थाको तर्फबाट उम्मेदवारी दिनेको हकमा बाहेक) र कम्पनी ऐन २०६३ बमोजिम अयोग्य नठहरिएको व्यक्ति हुनु पर्नेछ। सञ्चालकको निर्वाचन प्रक्रिया तथा कार्यक्रम संस्थाको "सञ्चालक निर्वाचन निर्देशिका, २०८३ बमोजिम हुनेछ ।
७) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै यस कम्पनीको आधिकारीक इमेल taksarpikhuwahpp2017@gmail.com मा जानकारी दिन हुन अनुरोध छ ।
८) अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा.-२२, खिचापोखरी,काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**